सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २२४ ♦ २०८३ साल वैशाख ७ सोमवार ♦ 20 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**नव वर्ष २०८३ को शुभकामना**

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# सीमामा भन्सार कडाइ : सर्वसाधारण मारमा, व्यापार र सामाजिक सम्बन्ध प्रभावित

अजयकुमार साह

**वैशाख ६ गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिका-कान्तिबजारकी सुनिता महतो भन्छिन्, “घामपानी सहेर सीमापारि गई सामान किन्ने कसैको रहर हुँदैन। तर यहाँ र त्यहाँको मूल्यमा आकाश-जमिनको फरक छ। केही रुपैयाँ बचत गर्नै जानुपर्छ। देशको अर्थतन्त्र मजबुत बनोस्, तर जनतालाई मार नपर्ने गरी नियम लागू गरियोस्। अहिलेको कडाइले त ‘रोटी-बेटी’ सम्बन्धमै असर पार्न थालेको छ।”



सीमावर्ती क्षेत्रमा १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने सरकारी निर्णयले सर्वसाधारणको दैनिक जीवन प्रभावित हुन थालेको छ। विशेषगरी गृहिणी, दैनिक ज्यालादारी गर्ने र न्यून आय भएका वर्ग बढी मारमा परेका छन्।

सम्सी गाउँपालिकाकी मंजु देवी भन्छिन्, “१०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार लाग्ने भएपछि खर्च व्यवस्थापन नै कठिन भएको छ। आम्दानी उस्तै छ, तर खर्च बढ्दो छ। घरायसी सामानमा केही सहजता दिनुपर्छ। अहिले विवाह र व्रतबन्धको सिजनमा झन् समस्या बढेको छ।”

सोनमा गाउँपालिकाकी लक्ष्मी देवी यादवका अनुसार, “मेरो माइती भारतमा छ। त्यहाँबाट साडी लगायतका सामान दिने चलन छ। अब त्यसमा पनि भन्सार तिर्नुपर्ने भए निकै गाह्रो हुन्छ।”

सम्सी गाउँपालिकाको विनोद साह भन्छन्, “धनीलाई यसले असर गर्दैन। तर दैनिक कमाएर खाने र सर्वसाधारण वर्गका लागि यो नियम निकै पीडादायी बनेको छ।”

स्थानीयहरूका अनुसार तस्करी नियन्त्रण गर्ने उद्देश्यले ल्याइएको नियमले उल्टै तस्करी बढ्ने सम्भावना पनि छ।

सोनमाका धर्मेन्द्र यादव भन्छन्, “यहाँका व्यापारीहरूले पनि सामान भारतबाटै ल्याएर नेपालमा महँगोमा बेच्ने गरेका छन्। सामान्य नाफा ठीक हो, तर अत्यधिक मूल्य लिनु गलत हो।”

## शुभकार्यको सिजनमा थप समस्या

मधेसमा अहिले विवाह, व्रतबन्ध लगायतका शुभकार्यको सिजन चलिरहेको छ। यस्ता कार्यका लागि आवश्यक सामग्री–नुनदेखि सुनसम्म–भारतीय बजारबाट ल्याउने चलन पुरानै हो।

सीमावर्ती क्षेत्रका नागरिकहरू यस्ता सामग्री पालिका वा वडाको सिफारिसमा ल्याउँदा भन्सार नलिने व्यवहारिक चलन थियो। तर अहिलेको कडाइले यो प्रचलन समेत प्रभावित भएको छ।

मटिहानीका रञ्जित मण्डल भन्छन्, “हाम्रो गाउँ नै सीमामा पर्छ। सडकको एकातिर नेपाल, अर्कोतिर भारत छ। दैनिक जीवन उतैको बजारमा निर्भर थियो। अहिलेका नियमले निकै गाह्रो भएको छ।”

## नियम मात्र होइन, समाधान पनि चाहिन्छ

पत्रकार तथा सामाजिक अभियन्ता किशोर मण्डल प्रश्न गर्छन्, “१०० रुपैयाँको सामानमा भन्सार लगाउने निर्णय गर्नेहरूलाई सोध्नुपर्छ– सीमावर्ती जनता भन्सार तिर्न कहाँ जाने? कतिपय नाकामा भन्सार कार्यालय नै छैन। नजिकै पर्याप्त बजार पनि छैन। नुन-तेलमा कडाइ गर्नुभन्दा पहिले सस्तो बजार र सहज भुक्तानी प्रणालीको व्यवस्था गर्नुपर्छ।”

सामाजिक अभियन्ता सरोज मिश्रका अनुसार, “मधेसका धेरै जिल्लामा भन्सार संरचना नै पर्याप्त छैन। यस्तो अवस्थामा कडाइ गर्नु अव्यावहारिक हुन्छ। ‘बेटी-रोटी’ सम्बन्धमा असर पार्ने नीति तत्काल सच्याउनुपर्छ।” ।

उनले भने, ’बालेनलाई बालम भनेर मधेशले माया गरे, अब बदलालेम जस्तै व्यवहार गर्ने हो भने इतिहास पल्टाए हुन्छ। त्यसैले बेला मे बेटी रोटीको सम्बन्धलाई बिगार्ने प्रपञ्च चाडै सल्टाउनु पर्ने आवश्यक्ता छ।’

## व्यापार क्षेत्रको प्रतिक्रिया यस्तो छ

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले सरकारको कदमलाई “अव्यावहारिक” भन्दै आलोचना गरेका छन्। उनका अनुसार, “तस्करी रोक्नुपर्ने हो, तर जहाँ आवश्यक छ त्यहाँ नियमन नगरी सर्वसाधारणलाई दुःख दिनु गलत हो। भारतीय सवारी साधनमा कडाइ गर्नु भनेको पर्यटकलाई नै रोक्नुजस्तै हो। यसले मधेसको व्यापारमा प्रत्यक्ष असर गर्छ।”

उनले थपे, “नेपालमै सबै सामान सहज र सस्तो पाइँदैन। यस्तो अवस्थामा कडाइभन्दा पहिले बजार व्यवस्थापन र भन्सार प्रणाली सुधार आवश्यक छ।”

अध्यक्ष भण्डारी भन्छन्, ’अहिले भारतीय गाडीलाई प्रतिबन्ध गर्नु भनेको देशमा भारतिय पर्यटकलाई नै प्रतिबन्ध गर्नु हो । भारतीय पर्यटकले यहाँको व्यापार व्यसायलाई ठूलो राहत

बाँकी पृष्ठ २ मा

**शिरीष संचार समूह**

**नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना**

खबर दर्पण राष्ट्रिय दैनिक | खबरपत्रिका शिरीष साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# सीमामा भन्सार कडाइ : सर्वसाधारण.............

भइरहेकोमा यसरी प्रतिबन्ध हुँदा मधेसको उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्छ। जनकपुरधाम लगायत मधेसका अधिकांश एतिहासिक र धार्मिक स्थल घुम्न आउने पर्यटकले गर्ने किनमेलले बसाइले मधेसका व्यापार व्यसाय चलेको छ। उनले थपे, 'नेपालमै किन्न सबै सामानहरू सहज रूपमा पाइँदैन अनि व्यापारीहरूको मनपर्दी असुली छ। यस्तो व्यवस्था लागू गर्नुभन्दा पहिला नेपाल भारतको सम्पूर्ण नाकामा भन्सार असुली व्यवस्थापन सहज हुनु पर्ने, नेपालमा प्रत्येक सामान सहज र सस्तो पाउनुपर्ने जसको लागि खाद्यन्न, कपडा , सबारीसाधन लगायतका सामग्रीहरुमा भंसार छुटको व्यवस्था हुनुपर्छ , न कि कडाइको नाममा गरिबलाई मार्ने र महँगी आकाशीयर सर्वसाधारण भोकभोकै बस्नु पर्ने अवस्था सृजना हुनुहुँदैन।'

### भन्सार संरचना र कानुनी व्यवस्था

मधेस प्रदेशमा हाल आठवटा भन्सार कार्यालय सञ्चालनमा छन्–जनकपुर, जलेश्वर, सर्लाही, गौर, वीरगन्ज, राजविराज, सिरहा र ठाँडी। बारा जिल्लामा भने भन्सार कार्यालय छैन।

भन्सार महसुल ऐन, २०८१ अनुसार स्थलमार्गबाट आवतजावत गर्ने व्यक्तिले १०० रुपैयाँसम्मका निजी प्रयोगका सामानमा भन्सार छुट पाउन सक्छन्। भन्सार महसुल ऐन २०८१ ले नेपालभित्र आउने र नेपालबाहिर विदेशी मुलुकमा जाने यात्रुले ल्याउन पाउने सामाग्रीहरू लक्षित उक्त नियममा स्थलमार्गबाट सिमाना ओहोरदोहोर गर्ने व्यक्तिले एक सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका वस्तु साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्ने व्यवस्था उल्लेख गरेकोछ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदय सिंह विष्टका अनुसार, “यो नियम पहिलेबाटै थियो, अहिले कडाइका साथ कार्यान्वयन गरिएको मात्र हो। यसले आन्तरिक बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउँछ।”

### सीमामा कडाइपछि बजार सुनसान

सीमा क्षेत्रमा कडाइ बढेपछि भारतीय बजारको चहलपहल एकाएक घटेको छ। महोत्तरीको सम्सी नाका अहिले सुनसानजस्तै भएको स्थानीयहरू बताउँछन्। पहिले दैनिक सयौँ नेपाली उपभोक्ता भारतीय बजार कनमामा किनमेलका लागि जाने गर्थे। तर अहिले आवतजावतमा निगरानी बढेपछि यस्तो प्रवृत्ति घटेको छ।

स्थानीय व्यवसायीहरूका अनुसार सीमापारि बजारको व्यापार करिब ८० प्रतिशतले घटेको छ।

केहि समय अघि सम्म निकै चहलपहल हुने सम्सीको मुख्य चोक र शंकर मन्दिर आसपासको क्षेत्र अहिले प्रायः खालीजस्तै देखिन थालेको स्थानीयहरू बताउँछन्।

यसरी नाकामा पछिल्लो समय कडाइ बढाइएपछि भारतीय सीमावर्ती बजार सम्सी कनमाको चहलपहल एकाएक घटेको छ। पहिले नेपाली उपभोक्ताको बाक्लो भीड लाग्ने कनमा बजार अहिले प्रायः सुनसान देखिन थालेको छ भने यसको प्रत्यक्ष प्रभाव गौशाला, रामगोपालपुर, औरही बजारमा देखिन थालेको छ।

दैनिक उपभोग्य सामग्री, लत्ताकपडा, इलेक्ट्रोनिक्स तथा खाद्यान्न खरिदका लागि नेपाली उपभोक्ता सहज पहुँच र सस्तो मूल्यका कारण कनमा पुग्ने गरेका थिए। विशेषगरी महोत्तरीको सम्सी, भिट्ठाभोड र धनुषाको जटही नाका खुला र सहज हुँदा दिनहुँ सयौँको संख्यामा उपभोक्ता सीमा पार गरेर किनमेल गर्न जाने क्रम सामान्यजस्तै बनेको थियो। तर पछिल्लो समय सुरक्षा जाँच कडा बनाइनुका साथै आवतजावतमा निगरानी बढाइएपछि यस्तो प्रवृत्तिमा उल्लेख्य गिरावट आएको छ।

सीमामा कडाइ हुनु अघि बिहानैदेखि बेलुकासम्म नेपाली ग्राहकको भीड लाग्ने पसलहरू अहिले ग्राहक अभावमा सुनसान देखिन थालेका छन्।

भिट्ठामोडका एक भारतीय व्यापारीले गुनासो गर्दै भने, 'पहिले नेपाली ग्राहक नै हाम्रो मुख्य आधार थिए, अहिले त दिनभरि पसलमा बस्दा पनि खासै व्यापार हुँदैन।'

### स्थानीय बजारमा आंशिक लाभ, तर उपभोक्ता असन्तुष्ट

यता, बर्दिवास लगायतका नेपाली बजारमा भने उपभोक्ताको चाप बढेको छ।

बर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्की भन्छन्, “पहिले ग्राहकहरू सीमापारि जान्थे, अहिले यहीँ किनमेल गर्न थालेका छन्। यसले स्थानीय व्यापारलाई केही राहत दिएको छ।”

उनले विशेषगरी खाद्यान्न, लत्ताकपडा, किराना तथा इलेक्ट्रोनिक्स पसलहरूमा ग्राहकको आवागमन उल्लेख्य रूपमा बढेको देखिन्छ। यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुगेको बताए ।

तर उपभोक्ताहरू भने सन्तुष्ट छैनन्। मूल्य महँगो र विकल्प सीमित भएको गुनासो बढ्दै गएको छ।

उपभोक्ता पारि जान छाडेपछि केही व्यापारीले कालोबजारी समेत गर्न थालेको उपभोक्ताको गुनासो छ। पछिल्लो समय दैनिक उपभोग्य सामानको मूल्य पनि आकासिएको छ।

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका महेन्द्रनगरकी अनिता यादवले भनिन्, 'मटिहानी मधवापुर गएर हामी घरायसी प्रयोजनका सामान किनेर ल्याउँथ्यौ त्यहाँ सस्तो र धेरै विकल्प पाइन्थ्यो, यहाँ अलि महँगो पर्छ।'

### नीति सुधारको माग

नेपाल-भारत खुला सीमा संवाद समूहले सरकारसँग भन्सार नीति पुनरावलोकन गर्न माग गरेको छ।

समूहका अनुसार १०० रुपैयाँको सीमा व्यवहारिक नभएको भन्दै घरायसी सामानमा भन्सार छुट दिनुपर्ने, धार्मिक यात्राका लागि ४८ घण्टासम्म भन्सारमुक्त सुविधा दिनुपर्ने तथा तस्करी नियन्त्रणका लागि छुट्टै कडाइ गर्नुपर्ने माग गरिएको छ।

समूहका प्रवक्ता प्रमोद कुमार साहले प्रेस विज्ञप्ति जारी गरी नेपाल र भारतबीचको सदियौंदेखिको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई दृष्टिगत गर्दै सरकारको पछिल्लो भन्सार नीतितर्फ गम्भीर ध्यानाकर्षण गराएका छन् ।

सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन सहज बनाउन र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन निम्न बुँदाहरू समेटेर तत्काल नीतिगत सुधार गर्न उनले जोडदार माग गरेका हुन् ।

हाल सरकारले सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढीको सामान



ल्याउँदा भन्सार तिर्नुपर्ने जुन व्यवस्था गरेको छ, त्यसले सीमावर्ती क्षेत्रका न्यून आय भएका आम उपभोक्तालाई चरम सास्ती दिएको छ । यो व्यवहारिक नभएकाले यसलाई तत्काल हटाई घरायसी प्रयोजनका सामग्रीमा शून्य भन्सारको व्यवस्था गर्न उनले माग गरेका छन् ।

यसैगरी, सम्वाद समूहले नेपाल र भारतका सीमावर्ती शहरहरू तथा प्रमुख धार्मिक स्थलहरूमा दर्शन र भ्रमणका लागि आउने श्रद्धालुहरूका लागि ४८ घण्टासम्मको भन्सार फ्री सुविधा उपलब्ध गराउन माग गर्दै यसले धार्मिक पर्यटन र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने जनाएको छ ।

'हामी सामान्य नागरिक र घरायसी प्रयोजनका सामान ल्याउनेलाई दिइने सास्तीको विरोध गर्दछौं, तर व्यावसायिक रूपमा हुने तस्करी (Smuggling) लाई पूर्ण रूपमा रोक्न सीमामा कठोर सुरक्षा र कानुनी कारबाहीको व्यवस्था गर्न सरकारसँग माग गर्दछौं। वास्तविक उपभोक्ता र तस्कर बीचको भिन्नता छुट्याई संयमित प्रशासनको खाँचो छ,' विज्ञप्तिमा भनिएको छ ।

सीमा क्षेत्रका बासिन्दाहरूको सहज पहुँचका लागि सीमा क्षेत्रमै सस्तो मूल्यको व्यवस्थित बजारको व्यवस्थापन गरिनुपर्ने माग गर्दै आम जनताको भान्सासँग जोडिएका अत्यावश्यक खाद्यान्न सामग्रीमा पूर्ण भन्सार छुट प्रदान गरी महँगीबाट राहत दिन सम्वाद समूहले अनुरोध गरेको छ ।

सीमा क्षेत्रको संवेदनशीलता र यहाँका नागरिकको जीवनस्तर लाई बुझेर सरकारले अविलम्ब यी मागहरू सम्बोधन नगरेमा संवाद समूह थप दबाबमूलक कार्यक्रमहरू सार्वजनिक गर्न बाध्य हुने चेतावनी दिएको छ।

### 'दुःख दिने नियत होइन' : सशस्त्र प्रहरी

छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) कृष्ण ढकालले भने, “कसैलाई दुःख दिने नियत छैन। केन्द्रको निर्देशनअनुसार काम गरिएको हो। यसले भन्सार तिरेर सामान ल्याउने संस्कृतिको विकास हुन्छ।”

सीमामा कडाइले तस्करी नियन्त्रणको उद्देश्य बोके पनि यसको प्रत्यक्ष असर सर्वसाधारणको दैनिक जीवन, सामाजिक सम्बन्ध र सीमावर्ती व्यापारमा परेको देखिन्छ।

स्थानीयको माग स्पष्ट छ–नियम मात्र होइन, व्यवहारिक समाधानसहितको कार्यान्वयन आवश्यक छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सर्तसहित बर्दिबास मेडिकल कलेजको पूर्वाधार निर्माणको बाटो खुल्यो

अजयकुमार साह

**वैशाख ६ गते, बर्दिबास**

बर्दिबास मेडिकल कलेजको पूर्वाधार विकास कार्य औपचारिक रूपमा अगाडि बढ्ने बाटो खुलेको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन तथा भू-संरक्षण विभागले आवश्यक प्रक्रिया पूरा गर्न निर्देशन दिँदै पत्राचार गरेसँगै लामो समयदेखि प्रतीक्षामा रहेको यो आयोजना कार्यान्वयनउन्मुख भएको हो । विभागले महोत्तरीस्थित डिभिजन वन कार्यालयलाई सम्बोधन गर्दै पठाएको पत्रमा मेडिकल कलेजसँग सम्बन्धित पूर्वाधार विकासका लागि आवश्यक कानुनी तथा प्राविधिक प्रक्रिया तत्काल अघि बढाउन भनिएको छ ।

विभागको अनुगमन समितिले २०८२ चैत २४ गते पेस गरेको प्रतिवेदनका आधारमा मेडिकल कलेजसँग नियमानुसार सम्झौता गर्न २०८२ चैत २७ गते निर्णय गर्दै लागत अनुमान पेस गर्न निर्देशन दिएको थियो। सोही निर्णयले आयोजना कार्यान्वयनका लागि महत्वपूर्ण आधार तयार गरेको हो।

यसैबिच डिभिजन वन कार्यालय महोत्तरीले बर्दिबास मेडिकल कलेजसँग सम्झौताअघि वन विकास कोषमा जम्मा गर्नुपर्ने रकमको विस्तृत लागत अनुमान तयार गरी वन तथा भू-संरक्षण विभागमा पठाएको छ। कार्यालयका अनुसार आयोजना कार्यान्वयनअघि कुल २६ करोड ४६ लाख ९ हजार ५ सय २५ रुपैयाँ वन विकास कोषमा जम्मा गर्नुपर्नेछ।

लागत विवरणअनुसार वन क्षेत्र प्रयोगको स्वीकृति पाएवापत ५४.५८४ हेक्टर क्षेत्रको सट्टा भर्ना स्वरूप १९ करोड १० लाख ४४ हजार रुपैयाँ निर्धारण गरिएको छ।

त्यस्तै सट्टा भर्ना गरिएको जग्गामा वृक्षरोपण गर्न ६ करोड ४२ हजार ४ सय रुपैयाँ खर्च अनुमान गरिएको छ । हटाइने रूख तथा पोलको सट्टामा १:१० को अनुपातमा वृक्षरोपण गर्न लाग्ने खर्च १ करोड ३५ लाख २३ हजार १ सय २५ रुपैयाँ तोकिएको छ । वन नियमावली २०७९ अनुसार वन क्षेत्र प्रयोग गर्नुअघि यस्ता सबै क्षतिपूर्ति रकम अनिवार्य रूपमा वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो रकम आयोजनाले जम्मा गरेपछि मात्रै वन कार्यालय र मेडिकल कलेजबिच औपचारिक सम्झौता हुने जनाइएको छ ।




वन संरक्षण अधिकृत प्रयास घिमिरेका अनुसार लागत अनुमान तयार गर्दा वन नियमावलीका प्रावधानहरू पूर्ण रूपमा पालना गरिएको छ। 'वन क्षेत्र प्रयोगसँग सम्बन्धित सबै कानुनी प्रक्रिया पूरा गरी वातावरणीय सन्तुलन कायम राख्ने गरी योजना अघि बढाइएको छ,' उनले बताए ।

बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले सरकारको निर्णयसँगै आयोजना अब व्यवहारिक रूपमा कार्यान्वयन चरणमा प्रवेश गरेको बताए । उनले मधेस प्रदेशका लागि बहुप्रतीक्षित यस मेडिकल कलेजको निर्माणले स्थानीयस्तर मै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विश्वास व्यक्त गरे। 'अब उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम हुनेछ,' उनले भने ।

बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीले पनि कलेज सञ्चालनमा आएपछि स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादनमा टेवा पुग्ने र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने धारणा राखे। उनका अनुसार यसले रोजगारी सिर्जना गरी क्षेत्रीय विकासलाई गति दिनेछ।

वन तथा भू-संरक्षण विभागको निर्देशन, लागत निर्धारण र आवश्यक प्रक्रिया अगाडि बढेसँगै बर्दिबास मेडिकल कलेजको पूर्वाधार विकास अब निर्णायक चरणमा पुगेको छ। सम्बन्धित निकायहरूले तोकिएको रकम समयमै जम्मा गरेमा निर्माण कार्य छिट्टै सुरु हुने अपेक्षा गरिएको छ।









# बर्दिबास -३, राजाबासबाट ११ फिट लामो दुर्लभ राजगोमन सर्पको उद्धार

**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**



महोत्तरीको बर्दिबास नगर पालिका-३, राजाबास गाउँबाट करिब ११ फिट लामो र करिब ६ किलोग्राम तौल भएको दुर्लभ राजगोमन सर्पको उद्धार गरी सुरक्षित रूपमा प्राकृतिक वासस्थानमा छोडिएको छ।

बाखा खोरनजिक राखिएको दाउराको थुप्रोमुनि सर्प लुकेर बसेको अवस्थामा सर्पको उद्धार टोली उद्धार गरिएको मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले बताउनुभयो। उहाँका अनुसार ट्रस्टका सुबोध आचार्य, गौतम मण्डलसहित सबडिभिजन वन कार्यालय लालगढको संयुक्त टोलीले सर्पलाई नियन्त्रणमा लिएको थियो।

उद्धारपछि सर्पलाई नजिकैको सामुदायिक वन क्षेत्रमा लगेर सुरक्षित रूपमा छोडिएको मिथिला अध्यक्ष मण्डलले जानकारी दिनुभयो। उहाँका अनुसार चुरे क्षेत्र राजगोमन सर्पको प्राकृतिक बासस्थान भएकाले सोही क्षेत्रमा पुन:स्थापना गरिएको हो।

उद्धार टोलीले स्थानीय बासिन्दालाई सर्पको प्राकृतिक बानी व्यवहार, वातावरणीय महत्व तथा भविष्यमा यस्ता सर्प देखिएमा सुरक्षित रूपमा घरबाहिर कसरी हटाउने भन्ने बारे पनि जानकारी दिएको उहाँले बताउनुभयो। राजगोमन सर्प विश्वकै सबैभन्दा विषालु सर्प रहेको र यसको संरक्षण जैविक विविधताका लागि महत्वपूर्ण भएको उहाँको भनाइ छ।

# बर्दिबासमा एक बालिकालाई बलात्कार गरेको अभियोगमा एक पुरुष पक्राउ




**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा एक बालिकालाई बलात्कार गरेको अभियोगमा एक पुरुष पक्राउ परेका छन्। बर्दिबास नगर पालिका-१३ बिजलपुरा टोल बस्ने ४५ वर्षीय बेचु भन्ने शिव शंकर आले मगरलाई प्रहरीले पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय बर्दिवासका अनुसार शिव शंकर ले एक १२ वर्षीया बालिकालाई बलात्कार गरेको उजुरी परेपछि प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। पीडित पक्षले दिएको जाहेरीका आधारमा उनलाई तत्कालै घर नजिकैबाट समातिएको हो।

पक्राउ परेका आले मगरमाथि थप कानुनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ। घटनाका बारेमा इलाका प्रहरी कार्यालय बर्दिबासले विस्तृत अनुसन्धान भइरहेको जानकारी दिएको छ।


**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**



**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं।



**औरही नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ।

**योगका फाइदाहरू**

- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा, जनकपुरधाम

मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,